# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 01.01.2024**

**NEW YEAR**

विश्वभरि नयाँ वर्ष 2025 लाई धुमधामका साथ स्वागत गरिएको छ। यस अवसरमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मू, उपराष्ट्रपति श्री जगदीप धनखड अनि प्रधानमन्त्री श्री नरेन्द्र मोदीले देशवासीलाई नव वर्षको शुभकामना दिनुभएको छ। सोही प्रकारले सिक्किमका राज्यपाल श्री ओम प्रकाश माथुर अनि मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले पनि राज्यवासीलाई नववर्षको शुभकामना व्यक्त गर्नुभएको छ।
आफ्नो सन्देशमा राष्ट्रपति श्रीमती मुर्मूले नागरिकहरूसँग मिलेर उज्ज्वल भविष्य निर्माण गर्ने प्रतिबद्धता दोहोर्याउँदै भारत र विश्वका लागि समावेशी र दिगो भविष्यको कामना गर्नुभएको छ।
प्रधानमन्त्री श्री मोदीले नागरिकहरूको स्वास्थ्य र समृद्धिको कामना गर्दै नयाँ वर्षले सबैका जीवनमा नयाँ अवसर, सफलता र अनन्त खुशीहरू लिएर आउन सकोस् भन्ने कामना व्यक्त गर्नुभयो।

सिक्किमका राज्यपाल श्री ओम प्रकास माथुरले राज्यवासीलाई नयाँ वर्षको शुभकामना व्यक्त गर्दै, नयाँ वर्षले देश र विश्वभरि मानवता, सेवा, परोपकार र शान्तिको भावना थप उजागर गरोस् भन्ने कामना व्यक्त गर्नुभएको छ।
यसरी नै मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले नयाँ वर्ष 2025-को अवसरमा राज्यवासीलाई शुभकामना व्यक्त गर्दै एकता, प्रगति र समृद्धिको कामना गर्नुभएको छ। वर्ष 2025 प्रगति, एकता र उपलब्धिको वर्ष बनोस् भन्दै विगतका उपलब्धिहरूप्रति आभार व्यक्त गर्दै भविष्यप्रति अडिग विश्वासका साथ अघि बढ्नुपर्ने उहाँले सन्देश दिनुभएको छ।

**ONOS**

सरकारले आजदेखि वान नेसन वान सब्सक्रिप्सन ONOS योजना सुरू गरेको छ। यो योजनाको उद्देश्य विद्यार्थीहरूलाई सिङ्गल सब्सक्रिप्सन प्लेटफर्ममार्फत अनुसन्धानपत्र, जर्नलहरू र शैक्षिक सामग्रीलगायत विस्तृत डिजिटल ज्ञान स्रोतहरूको सहज पहुँच उपलब्ध गराउनु रहेको छ। यस योजनाबाट फरक-फरक स्थानमा छुट्टाछुट्टै सब्सक्रिप्सन लिनुपर्ने आवश्यकता पर्नेछैन र सबैका लागि ज्ञान एकै ठाउँ उपलब्ध हुनेछ। विश्वविद्यालयहरू, आईआईटीलगायत सरकारी सहायता प्राप्त उच्च शिक्षा संस्थानका 1 करोड 80 लाख विद्यार्थीलाई यो पहलको अंगको रूपमा विश्वका शीर्ष जर्नलहरूमा प्रकाशित अनुसन्धानपत्र हेर्ने सुविधा उपलब्ध गराइनेछ। पहिलो चरणमा विज्ञान, प्रविधि, इन्जिनियरिङ, मेडिसिन, गणित, व्यवस्थापन, सामाजिक विज्ञान र मानव विज्ञानसँग सम्बन्धित 13 हजार 4 सय भन्दा बढी अन्तर्राष्ट्रिय जर्नलहरू अनुसन्धानकर्ताहरूका लागि उपलब्ध गराइनेछ।

**V.B PATHAK**

सिक्किम सरकारले श्री वीजय भूषण पाठकलाई राज्यका प्रमुख प्रशासक तथा क्याबिनेट सचिवको रूपमा नियुक्त गरेको छ। राज्यको कार्मिक विभाग DOP बाट जारी भएको एक अधिसूचनामा आजदेखि लागू हुने यस निर्णयले श्री पाठकलाई क्याबिनेट मन्त्रीको दर्जा प्रदान गरेको छ। यस भन्दा अघि उहाँ राज्यका मुख्य सचिव हुनुहन्थ्यो।

**Geyzing**

याक्थुङ सापसोक साप्लेन चुम्बो-को आयोजनामा भाषाविद् एवम् साहित्यकार इमानसिङ चेम्जोङको 121 औं जन्म जयन्ती विविध साहित्यिक कार्यक्रमका साथमा गेजिङ कन्या वरिष्ठ माध्यमिक विद्यालयको सभाकक्षामा पालन गरियो ।जन्म जयन्तीको अवसरमा प्रत्येक वर्ष प्रदान गरिने चेम्जोङ साहित्यिक पुरस्कार नेपालका वरिष्ठ साहित्यकार श्री येहाङ लिम्बुलाई प्रदान गरिएको छ भने यसरी नै चेम्जोङ स्पेसल एवार्ड मरोनाप्रान्त श्री पहलमान सुब्बालाई प्रदान गरिएको छ। श्री येहाङ लिम्बूले लामो समयदेखि लिम्बू साहित्यिक क्षेत्रमा सेवा गर्दै आएकाले लिम्बू भाषा र साहित्यको विकास र संरक्षणमा ठूलो योगदान रहेको आयोजक पक्षले जानकारी गराएका छन्। आजको यस कार्यक्रममा सिक्किम सरकारका भवन, आवास तथा श्रम मन्त्री श्री भीमहाङ लिम्बू मुख्य अतिथि हुनुहुन्थयो भने विधायक श्री सुदेश लिम्बू, लिम्बू साहित्यकार लगायत अन्यको उपस्थिति रहेको थियो। कार्यक्रममा कथा, कविता लगायत सांस्कृतिक कार्यक्रमहरू प्रस्तुत गरिएको थियो।

**बेलि ब्रिज**

संकलनको बेलि ब्रिज पुनर्निर्माण भएसगै मंगनका पुलिस अधिक्षकले टुङ-नागा सडकलाई मर्मतका लागि पुर्णरुपमा बन्द गर्ने अधिसुचना जारि गर्नुभएको छ। अबदेखि सबै साना वाहानहरु फिदाङ -संकलङ -सिप्गेयर - हुदै चुङथाङ सम्म यात्रा गर्न सक्छन् भने यसरीनै ठुला वाहानहरुलाई पनि पुलिस अधिक्षकले जारि गरिएको समय-तालिका अनुसार आवागमन गर्न बताइएको छ।